संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

**प्रेस विज्ञप्ति - २०६६ फागुन १८**

---

## सञ्चारगृहका अध्यक्ष अरुण सिंघानियाको हत्याको उच्चायुक्तको कार्यालय-नेपालद्वारा भर्त्सना

२०६६ फागुन १८, काठमाडौं।

जनकपुरमा २०६६ फागुन १७ गते गोली हानी हत्या गरिएका जनकपुर टुडे सञ्चारगृहका अध्यक्ष अरुण सिंघानियाको हत्याबारे थाहा पाउँदा उच्चायुक्तको कार्यालय-नेपाल अत्यन्त चिन्तित भएको छ। यो घटना सोही सञ्चारगृहमा कार्यरत महिला पत्रकार उमा सिंहको हत्या भएको एक वर्षपछि तथा काठमाडौंस्थित सञ्चार उद्यमी जमिम शाहको हत्या भएको मात्र एक महिनापछि भएको छ।

सञ्चारमाध्यमप्रति लक्ष्यित धम्की तथा हिंसाले अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई खतरामा पार्न सक्छ। पत्रकारहरूका मानवअधिकारको पूर्ण सम्मानका साथ सुरक्षित वातावरणमा उनीहरूले आफ्नो पेसागत पत्रकारिता गर्न पाउनुपर्दछ। यी अपराधका पीडकहरूलाई पूर्ण रूपमा जवाफदेही बनाउनुपर्दछ र जोखिममा रहेका सम्पूर्ण पत्रकारहरूलाई राज्यले आवश्यक सुरक्षा उपलब्ध गराउनुका साथै उपयुक्त भएको अवस्थामा सकारात्मक रूपमा हस्तक्षेप गर्नुपर्दछ।

> "उच्चायुक्तको कार्यालय प्रकाशक अरुण सिंघानियाको हत्याको भर्त्सना गर्दछ," उच्चायुक्तको कार्यालय-नेपालका अफिसर इन्चार्ज एन्ड्रयु पामरले भन्नुभयो। "पत्रकारहरूको संरक्षण लोकतान्त्रिक समाजमा अत्यन्त महत्त्वपूर्ण हुन्छ र राज्य तथा गैरराज्य पात्रहरू दुवैले प्रेस स्वतन्त्रताप्रति पूर्ण सम्मान देखाउनुका साथै स्वतन्त्र सञ्चारलाई सहयोग गर्नैपर्छ।"

For further information contact Chun B. Gurung, Tel: 4280164,
Ext. 320; 98510 16937 (mobile), cgurung@ohchr.org